# नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, धादिङ

## रासन सिदा खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**( प्रथम पटक सुचना प्रकाशन मिति :- २०७५/०२/२५)**

यस कार्यालय अन्तर्गत धादिङ अस्पताल १५ शैया (बेड) मा भर्ना हुने विरामीहरुलाई २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म आवश्यक पर्ने विरामी रासन सिदाको ठेक्का पट्टा गर्न दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले रु १०।- को टिकट टाँसी सिलबन्दी दरभाउपत्र पेश गर्न हुन सबैको जानकारी गराईन्छ ।

१. सूचना प्रकाशित मितिले १५ औं दिनको कार्यालय समय भित्र चालु आ.ब. को नविकरण भएको इजाजत पत्र (रासन सम्बन्धि कारोबार समेत गर्न अनुमति पाएको), आयकर दर्ता प्रमाण पत्र, मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. ०७३/०७४ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी निवेदन साथ पेश गरी रु १०००।- (फिर्ता नहुने) नगदै बुझाई दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित मितिले १६ औं दिन दिनको १२:०० बजे सम्म शिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ, सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा दरभाउपत्र खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३. दरभाउपत्रमा सम्बन्धित दरभाउपत्रदाताले सहिछाप गरी सिलबन्दी खाममा कार्यालय प्रमुख ज्यू, नीलकण्ठ नगापालिका, नगर कार्यपालिकाको कार्यालय धादिङ लेखि विवरणमा विरामी सिदा (डाइट) को दरभाउपत्र भनी उल्लेख गरि नमुना समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्र जमानी वापत रु २५,०००।०० (पच्चीस हजार मात्र) नलिकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय, धादिङको राष्ट्रिय बाणिज्य बैंक धादिङमा रहेको धरौटी खाता नं. १०३०३०३००७१०२ मा जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा बैंकले जारी गरेको विड बण्ड ग्यारेन्टीपत्र कम्तीमा ४५ दिन म्याद भएको दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्नु अगावै कबोल रकमको पाँच प्रतिशतले हुने रकम धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको स्वीकृत दरभाउपत्रको समयावधि भन्दा ३० दिन बढी म्याद भएको परफरमेन्स बण्ड पेश गर्नुपर्नेछ र नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन ।

५. दरभाउपत्र पेश गर्दा यस कार्यालयको सहिछाप भएको जुन फर्म वा कम्पनीको लागि दरभाउपत्र खरिद भएको हो सोही फर्म, कम्पनी वा निजको प्रतिनिधिले दाखिला गर्नुपर्नेछ र दरभाउपत्र प्रत्येक जम्मा दर अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

६. कबुल गरेको दररेट मुल्य अभिवृद्धि कर बाहेकको उल्लेख गर्नु पर्नेछ ।

७. रित नपुगी र म्याद नाघि आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम तथा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा अन्य प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

१०. दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझ्नु पर्ने भएमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**